जीतपुरसिमरा उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
जीतपुर, बारा

## सटर कवल भाडा लिने दिने सम्वन्धी सूचना ।

सूचना प्रकाशित मितिः२०७८/१०/२४ गते

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६२क. र यस उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १० को व्यवस्था बमोजिम यस उपमहानगरपालिका क्षेत्रभित्र पर्ने नगरपालिकाको स्वमित्वमा रहेको सार्वजनिक सटरकवलहरुलाई खुला प्रतिस्पर्धाको आधारमा भाडा वा वहालमा लगाउनु पर्ने भएकाले ईच्छुक ब्याक्तीले नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र फर्महरुले फर्मको नविकरण भएको प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी सिलवन्दी गरी तपशिल बमोजिमको शर्तहरुहरुको अधिनमा रही सिलवन्दी दररेट पेश गर्नृ हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागी यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।बोलपत्र फारम यस कार्यालय, वडा नं. २१ को कार्यालय अमलेखगंज र वडा नं. २ को कार्यलय सिमराबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र खरिद गर्न सकिनेछ ।

शर्तहरु

१. खरिद गरिएको वोलपत्र फाराम १६ औं (सोहौ) दिनको १२:०० बजेभित्र आफूले कबोल गरेको अंकको कम्तिमा एक महिनाको बराबरको धरौटी रकम यस कार्यालयको नेपाल बैक लिमिटेड जितपुर शाखामा रहेको धरौटी खाता नं. १०००३००००० ३०००००००० १ मा दाखिला गरेको सक्कलै बैंक भोचर वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (बिड वण्ड) समेत संलग्न गरी बोलपत्र फारामसाथ सम्लग्न गरी फारामसाथ पेश गर्नु पर्नेछ ।

२. प्राप्त बोलपत्रहरु १६ औं दिन दिउसो २:०० बजे नगरकार्यपालिकाको कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद, दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

३. ठेक्का अवधि सम्झौता मितिले २ बर्षसम्म लागु रहनेछ।

४. प्रत्येक वर्ष सम्झौता गरेको अंकमा १० प्रतिशतका दरले भाडादर वृद्धि हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

चेत कुमार गोतामे
प्रमुख प्रशासकीय अधिकृत

६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भए पश्चात व्यवसायीले सकार गरेको भाडादरको एक वर्षको रकम बराबरको कार्य सम्पादन जमानत (Performance Garentee) सम्झौता हुनु अगावै यस कार्यालयको नाममा जारी गर्नु पर्नेछ। कबोल गरेको भाडादर प्रत्येक महिनाको मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

८. भाडा रकम समयमै नबुझाएमा जरिवाना स्वरुप १०, २०, ३० प्रतिशत हुँदै शत प्रतिशत सम्म लाग्नेछ । तत्पश्चात पनि अटेर गरेमा बक्यौता रकम सरकारी बाँकी सरह असुल उपर गरी सटर खाली गराइनेछ।

९. बन्द, हड्ताल, चक्काजाम आदी कारण देखाई भाडादरमा छुट माफी, सहुलियत माग भएमा दिईनेछैन।

१०. कानून बमोजिम अवैध मानिएका पदार्थ तथा वस्तुहरु व्यापार व्यावसाय गर्न मनाही गरिएको छ।

११. बिजुली, पानी तथा बत्तीको व्यवस्था बहालमा बस्ने व्यवसायी स्वयमले गर्नुपर्नेछ ।

१२. बहाल छाड्नु पर्ने भएमा ३० दिन अगावै सम्बन्धित कार्यालय वा शाखामा सुचना उपलब्ध गराउनु पर्नेछ ।

१३. यस उपमहानगरको नाममा रहेको चालु आ.व. सम्मको बक्यौता कर रकम चुक्ता गरेको हुनुपर्नेछ ।

१४. यस शर्त तथा अवस्थाहरु अन्तर्गत नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तपशिलः

| क्र. सं. | सटरकवल ठेक्काको विवरण | न्यूनतम अंक | पेश गर्ने अवधि |
|---|---|---|---|
| १ | **सिमरा तरकारी बजार(मासिक)** | | १५ दिन |
| | सटर नम्वरः-१,१०,११,२० | रु.३९९५ | |
| | सटर नम्वरः- ५,६,१५,१६ | रु.३५२५ | |
| | सटर नम्वरः-२,३,४,७,८,९,१२,१३,१४ | रु.३०५५ | |
| | सटर नम्वरः-१७,१८,१९ | रु.२५५० | |
| २ | **अमलेखगंज बजार(मासिक)** | | |
| | सटर नं.१,२,३ | रु.२२५०।- | |
| | सटर नं.:-४ ५ ६ ७ ८ ९ १० | रु.१९५०।- | |

चैतकुमार घोखरेल
प्रमुख प्रशासकीय अधिकृत